राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

आ.व.२०८०/८१ च.न. ५२ मितिः२०८०/०५/१७

विषयः ५७ औं अन्तराष्ट्रिय साक्षरता दिवस मनाउने सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
राप्ती गाउँपालिका दाङ।

प्रस्तुत विषयमा ५६ औं अन्तराष्ट्रिय साक्षरता दिवस, २०८०/०५/२२ (Sept 8,2023) गतेका दिन "दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरता प्रवर्द्धन" "**Promoting literacy for a world in transition;Building the foundation for sustainable and peaceful societies**" भन्ने नाराका साथ मनाउन शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट रचनात्मक तथा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी मनाउन अनुरोध भई आएकोले यस गाउँपालिकाभित्र निम्नानुसार कार्यक्रम सञ्चालन गरिने भएकोले सोही अनुसार सहभागीताका लागि अनुरोध गरिन्छ।

तपसिल

| क्र.स. | कार्यक्रमको विवरण | शीर्षक | सहभागी पठाउने इच्छुक विद्यालयबाट | प्रतियोगिता सञ्चालन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|
| १ | वक्तृत्वकला प्रतियोगिता | दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरता प्रवर्द्धन | छात्र/छात्रा १/१ जना | २०८०।०५।२० | नामदर्ता विहान १०:०० बजेसम्म र प्रतियोगीता ११:३० बजेदेखि | राप्ती गाउँपालिका |
| २ | कविता प्रतियोगिता | स्वस्थ जीवनशैली | छात्र/छात्रा १/१ जना | २०८०।०५।२० | विहान १०:०० बजेदेखि | राप्ती गाउँपालिका |
| ४ | निबन्ध प्रतियोगिता | लुम्बिनी प्रदेशको राजधानी विकासमा सरोकारवालाहरुको भूमिका | छात्र/छात्रा १/१ जना (कक्षा ९-१२) | २०८०।०५।२० | विहान १०:०० बजेदेखि | राप्ती गाउँपालिका |
| ५ | निबन्ध प्रतियोगिता | नसर्ने रोगको बढ्दो प्रकोप र यसको न्यूनिकरण | छात्र/छात्रा १/१ जना (कक्षा ६-८) | २०८०।०५।२० | विहान १०:०० बजेदेखि | राप्ती गाउँपालिका |
| ६ | चित्रकला | आधारभूत तह कक्षा ६-८ का विद्यार्थीहरुका लागि "सरसफाई तथा स्वच्छ वातावरण शीर्षकमा आधारित चित्रकला प्रतियोगिता" | छात्र/छात्रा १/१ जना | २०८०।०५।२१ | विहान १०:०० बजेदेखि | आदर्श मा वि लालमटिया |
| ७ | चित्रकला | प्राथमिक तह कक्षा १-५ का विद्यार्थी सहभागी हुने गरी "घरपालुवा र जंगली जनावर" शीर्षकमा चित्रकला प्रतियोगिता | छात्र/छात्रा १/१ जना | २०८०।०५।२१ | विहान १०:०० बजेदेखि | आदर्श मा वि लालमटिया |
| ८ | अन्तरराष्ट्रिय साक्षरता दिवश मूल समारोह | | | २०८०।०५।२२ | विहान ११:०० बजेदेखि | राप्ती गाउँपालिका |

१. **उत्कृष्ट शिक्षक सम्मान तथा पुरस्कार कार्यक्रम**

 १. बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता मध्ये-१ जना

विश्वास वि.क.
शाखा अधिकृत

**२. निबन्ध प्रतियोगिता शिर्षकः " लुम्बिनी प्रदेशको राजधानी विकासमा सरोकारवालाहरुको भूमिका शीर्षकमा कक्षा (९-१२), नसर्ने रोगको बढ्दो प्रकोप र यसको न्यूनिकरण शीर्षकमा कक्षा (६-८) "**

निबन्ध कम्तीमा १५०० शब्दको हुनुपर्नेछ। निवन्ध नेपाली भाषामा लेखेको हुनुपर्नेछ। निबन्ध लेख्नमा मौलिक विचार शैलीको प्रस्तुतीलाई मान्यता दिइनेछ। व्यक्तिगत र संस्थागत लालछनायुक्त लेखको मूल्याङ्कन गरिनेछैन। तथ्य र तथ्याङ्कको स्रोत आधिकरिक, यथार्थपरक र अद्यावधिक हुनुपर्नेछ। निवन्ध अनेत्र प्रकाशित नभएको र मौलिक हुनुपर्नेछ। यस सम्बन्धी स्वघोषणा निबन्धसाथ पेश गर्नुपर्नेछ। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने निबन्धलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ। उत्कृष्ट निबन्धलाई गाउँपालिकाबाट प्रकाशन हुने स्मारिकामा प्रकाशन गरिनेछ। विद्यालयहरुले प्रतियोगिताको लागि बढीमा २ जना उत्कृष्ट विद्यार्थीको निबन्ध छनौट गरी पठाउनुपर्नेछ।

**३. वक्तृत्वकला प्रतियोगिता शिर्षकः " दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरता प्रवर्द्धन "**

विद्यालयहरुले प्रतियोगिताको लागि बढीमा २ जना उत्कृष्ट विद्यार्थीको छनौट गरी पठाउनुपर्नेछ। वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ।

**४. आधारभूत तह कक्षा ६-८ का विद्यार्थीहरुका लागि "सरसफाई तथा स्वच्छ वातावरण शीर्षकमा आधारित चित्रकला प्रतियोगिता"**

आधारभूत तह कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीहरु सहभागी हुने गरी चित्रकला प्रतियोगिता आयोजना गरिनेछ। यसका लागि विद्यालयले उत्कृष्ट २ जना विद्यार्थीहरु छनोट गरी पठाउनु पर्नेछ। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ।

**५. प्राथमिक तह कक्षा १-५ का विद्यार्थी सहभागी हुने गरी "घरपालुवा र जंगली जनावर" शीर्षकमा चित्रकला प्रतियोगिता**

प्राथमिक तह कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरु सहभागी हुने गरी चित्रकला प्रतियोगिता आयोजना गरिनेछ। यसका लागि विद्यालयले उत्कृष्ट २ जना विद्यार्थीहरु छनोट गरी पठाउनु पर्नेछ। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ।

विश्वास वि.क.
शाखा अधिकृत

विश्वास वि.क.
शाखा अधिकृत

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

ख.अध्ययन अनुसन्धान १ वा सो भन्दा बढि भए ५ अंक

ग. अध्ययन अनुसन्धान नभएको भए- ० अंक

६. **सिकाइमा सूचना प्रविधिको प्रयोग १० अंक**

क. अर्काको सहायता विना सिकाइमा सूचना तथा सञ्चार प्रविधिको सहजै प्रयोग गरी शिक्षण सिकाइ गर्न सक्ने १० अंक

ख. अर्काको सहायता सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ गर्न सक्ने ५ अंक

ग. सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नसक्ने ० अंक

७. **कक्षाकोठा व्यवस्थापन १० अंक**

क. प्रधानाध्यापकको मूल्याङ्कनमा प्रभावकारी रुपमा कक्षा व्यवस्थापन गरेको भएमा १० अंक

ख. प्रधानाध्यापकको मूल्याङ्कनमा सामान्य रुपमा कक्षा व्यवस्थापन गरेको भएमा ५ अंक

ग. प्रधानाध्यापकको मूल्याङ्कनमा कमजोर रुपमा कक्षा व्यवस्थापन गरेको भएमा ० अंक

८. **नेतृत्व क्षमता वापत १० अंक**

क. प्रधानाध्यापकद्धारा नेतृत्व क्षमता मूल्याङकनका आधारमा कुशल नेतृत्व भए १० अंक

ख.प्रधानाध्यापकद्धारा नेतृत्व क्षमता मूल्याङकनका आधारमा सामान्य नेतृत्व भए ५ अंक

ग. प्रधानाध्यापकद्धारा नेतृत्व क्षमता मूल्याङकनका आधारमा नेतृत्व क्षमता नभएमा ० अंक

२. सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी/सहयोगी-१

३. उत्कृष्ट सामुदायिक विद्यालय व्यवस्थापन समिति- १

४. दिर्घ सेवा गरेका सामुदायिक विद्यालयका शिक्षक

५. शैक्षिक सत्र २०७९ को एसइइ परीक्षामा सबैभन्दा बढी जिपिए अंक ल्याउने सामुदायिक र संस्थागत विद्यालयबाट छात्रा १/१ र छात्र १/१ गरी ४ जना

६. शैक्षिक सत्र २०७९ को आधारभूत तह उत्तीर्ण परीक्षामा सबैभन्दा बढी जिपिए अंक ल्याउने सामुदायिक र संस्थागत विद्यालयबाट छात्रा १/१ र छात्र १/१ गरी ४ जना

७. उष्कृष्ट प्रधनाध्यापक

क. सामुदायिक विद्यालय तर्फ- १ जना  ख. संस्थागत विद्याय तर्फ-१ जना

८. उत्कृष्ट विद्यालय

क. सामुदायिक विद्यालय-१ वटा  ख. संस्थागत विद्यालय-१ वटा  ग. बाल विकास केन्द्र-१ वटा

उत्कृष्ट विद्यालय छनौट

| क्र.स. | विद्यालयको नाम ठेगाना | प्रवर्धनात्मक कार्यहरु शिक्षण सिकाइसँग सम्बन्धित ( २० अंक) | सिकाइ उपलब्धी ( २० अंक) | भौतिक पूर्वाधारको अवस्था १० अंक | शिक्षकको क्रियाशिलता २५ अंक | आ.व. २०७८/७९ सामाजिक परीक्षण भएको भए १० अंक | विद्यालय व्यवस्थापन समितिको बैठक १० | शिक्षक अभिभावक संघको भूमिका ५ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

१. **प्रवर्धनात्मक कार्यहरु शिक्षण सिकाइसँग सम्बन्धित ( २० अंक) को विभाजन निम्नानुसार गर्ने:**

- विद्यालयको आफ्नै पहलमा शिक्षण सिकाइसँग सम्बन्धित कुनै ५ वटा प्रवर्धनात्मक कार्य गरेको भए-१० अंक
- विद्यालयको आफ्नै पहलमा शिक्षण सिकाइसँग सम्बन्धित कुनै ३ वटा प्रवर्धनात्मक कार्य गरेको भए-७ अंक
- विद्यालयको आफ्नै पहलमा शिक्षण सिकाइसँग सम्बन्धित कुनै २ वटा प्रवर्धनात्मक कार्य गरेको भए-५ अंक
- विद्यालयको आफ्नै पहलमा शिक्षण सिकाइसँग सम्बन्धित कुनै १ वटा प्रवर्धनात्मक कार्य गरेको भए- २ अंक

विश्वास वि.क.

- विद्यालयको आफ्नै पहलमा शिक्षण सिकाइसँग सम्बन्धित कुनै पनि प्रवर्धनात्मक कार्य नगरेको भए-० अंक

**२. सिकाइ उपलब्धीसँग सम्बनधित २० अंक**

- विद्यालयको सिकाइ उपलब्धी जिल्ला/स्थानीय तहको औषत भन्दा बढी भए १० अंक
- विद्यालयको सिकाइ उपलब्धी जिल्ला/स्थानीय तहको औषत बराबर भए ५ अंक
- विद्यालयको सिकाइ उपलब्धी जिल्ला/स्थानीय तहको औषत भन्दा कम भए ३ अंक

**३. भौतिक पूर्वाधारको अवस्था १० अंक**

- विद्यालयको भौतिक पूर्वाधार विद्यार्थी र क्रियाकलाप सञ्चालनका आधारमा प्रयाप्त भए १० अंक
- विद्यालयको भौतिक पूर्वाधार विद्यार्थी र क्रियाकलाप सञ्चालनका आधारमा अप्रयाप्त भए ५ अंक
- विद्यालयको भौतिक पूर्वाधार विद्यार्थी संख्याका आधारमा प्रयाप्त अपुग भए ३ अंक

**४. शिक्षकको क्रियाशिलता २५ अंक**

- सबै शिक्षकलाई विद्यालयमा सञ्चाल हुने कुनै न कुनै एक क्रियाकलापको जिम्मेवारी दिएको भए १५ अंक
- ५० प्रतिशत शिक्षकलाई सञ्चाल हुने कुनै न कुनै एक क्रियाकलापको जिम्मेवारी दिएको भए १० अंक
- २५ प्रतिशत शिक्षकलाई सञ्चाल हुने कुनै न कुनै एक क्रियाकलापको जिम्मेवारी दिएको भए ५ अंक
- १० प्रतिशत वा सो भन्दा कम शिक्षकलाई सञ्चाल हुने कुनै न कुनै एक क्रियाकलापको जिम्मेवारी दिएको भए २ अंक

**५. विद्यालयको आ.व. २०७८/७९ सामाजिक परीक्षण भएको भए १० अंक**

- विद्यालयको आ व २०७८/७९ को सामाजिक परीक्षण भएको भए १० अंक
- विद्यालयको आ व २०७८/७९ को सामाजिक परीक्षण नभएको भए ० अंक

**६. विद्यालय व्यवस्थापन समितिको बैठक -१० अंक**

- विद्यालय व्यवस्थापन समितिको बैठक महिनाको एक १ पटक वा सो भन्दा बढि बैठक बसेको भए १० अंक
- विद्यालय व्यवस्थापन समितिको बैठक २ महिनाको एक १ पटक बैठक बसेको भए ५ अंक
- विद्यालय व्यवस्थापन समितिको बैठक ३ महिनाको एक १ पटक बैठक बसेको भए ३ अंक
- विद्यालय व्यवस्थापन समितिको बैठक वर्षमा ३ पटक भन्दा कम बसेको भए १ अंक

**७. शिक्षक अभिभावक संघको बैठक ५ अंक**

- वर्षमा २ पटक वा सो भन्दा बढि बसेको भए ५ अंक
- वर्षमा १ पटक वा सो भन्दा बढि बसेको भए ३ अंक
- वर्षमा १ पटक पनि नबसेको भए ० अंक

**प्रतियोगितात्मक गाउँपालिकास्तरिय कार्यक्रम तर्फ**

साक्षरता दिवशको अवसरमा निम्नानुसारका प्रतियोगितात्मक क्रियाकलापहरु सञ्चालन गर्नेः

**१. कविताको प्रतियोगिता शीर्षकः " स्वस्थ जीवनशैली "**

कविता गद्य वा पद्यको सिद्धान्तमा रही कम्तीमा १५० देखि बढीमा २०० शब्दसम्म देवनागरी लिपीमा हुनुपर्नेछ र कविता अप्रकाशित हुनुपर्नेछ। प्रकाशित कविताको मूल्याङ्कन गरिनेछैन। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने कवितालाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ। उत्कृष्ट कवितालाई गाउँपालिकाबाट प्रकाशन हुने स्मारिकामा प्रकाशन गरिनेछ। विद्यालयहरुले प्रतियोगिताको लागि बढीमा २ जना उत्कृष्ट विद्यार्थीको कविता छनौट गरी पठाउनुपर्नेछ।

विश्वास वि.क.
शाखा अधिकृत